Rx

तपाईंको
11-12 वर्षको बच्चाको
लागि टीकाहरू:

- ✓ Tdap
- ✓ HPV
- ✓ मेनिंगोकोक्सल

**ह्युमन प्यापिलोमा भाइरस (HPV)**

HPV सामान्य भाइरस हो जसले क्यान्सर गराउन सक्छ। *HPV खोप क्यान्सरको रोकथाम हो, र तपाईं यसको मुख्य कुरा हो।*

HPV खोपले सबैभन्दा हानिकारक प्रकारहरूका HPV बाट हुने संक्रमणलाई रोकथाम गर्छ। खोप सुरक्षित र प्रभावकारी छ र 11 देखि 12 वर्ष उमेर भएका केटा वा केटीहरूलाई सिफारिस गरिन्छ।

HPV खोपले सबैभन्दा सामान्य प्रकारका पेपिलोमाभाइरसका विरूद्ध संरक्षण गर्छ, जुन भाइरसहरू 90% सबै पाठेघरको मुखको क्यान्सर र जननेन्द्रिय वार्टहरूका लागि जिम्मेवार हुन्छन्। पूर्ण सुरक्षाका लागि केटा वा केटी दुबैले पूरा खोप सिरिज लगाउनुपर्छ। खोपले उत्कृष्ट काम गर्छ प्रारम्भिक किशोरावस्थामा भएकाहरूलाई खोप दिँदा, प्रतिरक्षा विकास हुन समय दिइन्छ, जसको अर्थ तपाईंको बच्चा ठूलो हुँदैजाँदा यसले अझ राम्रो सुरक्षा प्रदान गर्छ।




**आजका प्रतिरक्षण खोपहरूको बारेमा**
**तपाईंको स्वास्थ्य स्याहार प्रदायकसँग कुरा गर्नुहोस्।**
**अझ राम्रो जीवनका लागो खोप!**

**HPV टीका प्रमुख छ**

IDPH

तपाईंसँग प्रश्नहरू भएमा, कृपया आफ्नो स्वास्थ्य स्याहार प्रदायक वा Iowa Department of Public Health लाई

**1-800-831-6293 मा फोन गर्नुहोस्।**

**http://idph.iowa.gov/ImmTB/Immunization**

खोप तथा रोगहरूको बारेमा थप जानकारीका लागि, कृपया यहाँ जानुहोस्:

**www.immunize.org • www.cdc.gov/vaccines/teens**
**www.vaccine.chop.edu • www.aap.org**

जनवरी 2017

# तपाईंलाई क्यान्सर रोक्न सक्नुहुन्छ

**HPV टीका प्रमुख छ**

IDPH

अभिभावक र स्वास्थ्य स्याहार पेशेवरहरू किशोर-किशोरीहरूलाई HPV क्यान्सरहरूबाट संरक्षण गर्ने ***मुख्य*** पक्षहरू हुन्।

# HPV के हो?

HPV एउटा भाइरस हो जसबाट धेरै व्यक्तिहरू आफ्नो जीवनको कुनै बिन्दुमा संक्रमित हुन्छन्। HPV यौन सम्पर्कबाट सर्छ र संक्रमित व्यक्तिलाई कुनै सङ्केतहरू वा लक्षणहरू नभएता पनि सर्न सक्छ। धेरैजसो अवस्थाहरूमा, HPV संक्रमण आफै हराएर जान्छ र यस भाइरसबाट संक्रमित मानिसहरूलाई आफूलाई संक्रमण भएका कहिल्यै थाहा हुँदैन। यद्यपि, HPV हराएर नजाँदा, यसले यौनिक गाँठागुँठी र क्यान्सर जस्ता स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ। व्यक्तिलाई HPV को संक्रमण भएपछि क्यान्सर विकसित हुन प्राय: वर्षौं लाग्छ।

HPV ले पुरुष र महिलाहरूमा निम्न सहितका धेरै गम्भीर परिणामहरू निम्त्याउन सक्छ:

- **पाठेघरको मुखको क्यान्सर**
- **भल्भर क्यान्सर**
- **योनीको क्यान्सर**
- **अनल क्यान्सर**
- **लिङ्गको क्यान्सर**
- **ओरोफारेङ्गेल क्यान्सर***(घाँटीको पछाडि लगायत जिब्रोको फेंद र टन्सिलमा हुने क्यान्सर)*
- **यौनिक गाँठागुँठी**
- **रिकरेन्ट श्वास-प्रश्वास पपिलोमाटोसिस (RRP)**
*(विरलै हुने अवस्था हो जसमा घाँटीमा गाँठागुठी विकसित हुन्छन्)*

लगभग 79 मिलियन अमेरिकीहरू हाल HPV बाट संक्रमित छन् र हरेक वर्ष 14 मिलियन मानिसहरू नयाँ रूपमा संक्रमित हुन्छन्। यु.एस. मा पुरुषहरूमा 12,600 वटा HPV सँग सम्बन्धित क्यान्सरहरू सहित वार्षिक रूपमा लगभग 33,000 HPV सँग सम्बन्धित क्यान्सरहरू हुने गर्छन्।

अमेरिकन क्यान्सर सोसाइटी (ACS) को यु.एस. मा इन्वेसिव सर्भिकल क्यान्सर का 12,000 वटा नयाँ केसहरू देखा पर्ने र लगभग हरेक वर्ष 4000 जना मामिलाहरूको यस रोगबाट मृत्यु हुने अनुमान छ। विश्वव्यापी रूपमा, पाठेघरको मुखको क्यान्सर महिलामा देखिने दोस्रो सबैभन्दा साझा क्यान्सर हो र हरेक वर्ष 470,000 नयाँ मामिलाहरू हुने र 233,000 जनाको मृत्यु हुने अनुमान छ।

# HPV रोकथाम

HPV खोप मानव पेपिलोमाभाइरसका सामान्य प्रकारहरूका विरुद्धको सबैभन्दा उत्कृष्ट संरक्षण हो। यस खोपले HPV खो कुनै प्रभाव नहुँदै खोपको सिरिज पूरा गरेका व्यक्तिहरूलाई सबैभन्दा उत्कृष्ट स्वास्थ्य लाभहरू प्रस्ताव गर्छ। स्वास्थ्य स्याहार सम्बन्धी पेशेवरहरूले 11 वा 12 वर्ष उमेरका केटा वा केटीहरूलाई नियमित खोप र उत्तरार्द्धका किशोर-किशोरी र युवा वयस्कहरूलाई क्याच-अप खोप लगाउन सिफारिस गर्नुहुन्छ।

## कति मात्रा आवश्यक हुन्छ र यसको तालिका के हुन्छ?

HPV खोपको छ महिनाको अवधिमा दुई वा तीन वाट मात्राको सिरिज हुन्छ र अन्य खोपहरूकै समयमा दिन सकिन्छ। पूर्ण सुरक्षा प्रदान गर्नका लागि पूर्ण HPV खोप सिरिज अत्यावश्यक हुन्छ। खोप किशोरावस्थाको उत्तरार्द्धमा रहेका र युवा वयस्कहरूमा भन्दा किशोरावस्थाभन्दा अघिको समय (11 देखि 12 वर्षको उमेर) मा उत्कृष्ट काम गर्छ र अझ उच्च प्रतिरक्षा प्रतिक्रिया उत्पादन गर्छ।

## HPV खोप सुरक्षित छ?

HPV खोप सुरक्षित र प्रभावकारी छ। पहिलो HPV खोप सन 2006 मा उपलब्ध भएको थियो र त्यसयता 40 मिलियन भन्दा धेरै डोजका खोपहरूको प्रबन्ध गरिएको छ। HPV खोप लगाउनेसँग सम्बन्धित कुनै गम्भीर सुरक्षा चिन्ताहरू छैनन्।

यद्यपि, अन्य औषधि जस्तै, खोपहरूका पनि केही पार्श्व प्रभावहरू हुनसक्छन्। HPV खोपका सबैभन्दा सामान्य पार्श्व प्रभावहरू सामान्य हुन्छन् र यसमा खोप लगाइको ठाउँमा घाउ हुने वा सुन्निने, कम-ग्रेडको ज्वरो आउने वा टाउको दुख्ने समावेश हुन्छन्। त्यस्ता सामान्य लक्षणहरू सामान्य मानिन्छ र शरीरले प्रतिरक्षा निर्माण गर्दा हुनसक्छन् भनी अपेक्षा गरिन्छ। गम्भीर खालका प्रतिक्रियाहरू विरलै हुन्छन्।

खोपहरू सुरक्षाको सबैभन्दा उच्च मानकमा राखिन्छ। यु.एस.ले हाल इतिहास मै सबैभन्दा सुरक्षित, सबैभन्दा प्रभावकारी खोपको आपूर्ति गरेको छ। खोपलाई इजाजतप्राप्त हुन वर्षौंसम्म परीक्षण गर्न कानूनद्वारा आवश्यक हुन्छ। प्रयोगमा ल्याइएपछि, सुरक्षा र प्रभावकारिताको लागि खोपहरूलाई निरन्तर अनुगमन गरिन्छ। खोप लगाएका व्यक्तिहरू यसका लाभ र जोखिमहरू दुवैको बारेमा पूर्ण रूपमा जानकार हुनुपर्दछ। कुनै प्रश्न वा चिन्ताहरू भएमा आफ्नो तपाईंको स्वास्थ्य स्याहार प्रदायकसँग छलफल गरिएको हुनुपर्छ।

## खोपहरूको शुल्कका लागि कुनै मद्दत उपलब्ध छ?

तपाईंको स्वास्थ्य बीमाले HPV खोपलाई समेट्छ वा समेट्दैन भनी हेर्नको लागि जाँच गर्नुहोस्। तपाईंको बच्चाको स्वास्थ्य बीमा वा खोपहरूलाई समेट्ने बीमा छैन भने, आफ्नो स्वास्थ्य स्याहार प्रदायकलाई बालबालिकाका लागि खोप (VFC) कार्यक्रमको बारेमा सोध्नुहोस्। VFS कार्यक्रमले जन्मदेखि 18 वर्ष उमेरसम्मका योग्य बालबालिकाहरूलाई खोप उपलब्ध गराउँछ।

## तपाईंको बच्चाको प्रतिरक्षण खोपको रेकर्ड

प्रतिरक्षण खोपका रेकर्डहरूलाई सुरक्षित स्थानमा राख्नु महत्त्वपूर्ण हुन्छ। प्रतिरक्षण खोपहरू लगाएको प्रमाण जीवनभरि आवश्यक पर्न सक्छ। Iowa Department of Public Health ले प्रतिरक्षण खोपहरूको ऐतिहासिक कागजी रेकर्ड राख्दैन। यद्यपि, प्रतिरक्षण रेकर्डहरूलाई आइवाको Immunization Registry Information System (IRIS) भनिने स्थायी राज्यव्यापी विद्युतीय डाटाबेसमा प्रविष्ट गर्न सकिन्छ।

IRS ले सार्वजनिक रेकर्ड पहुँच सुविधा समावेश गर्छ जसले अभिभावक वा वयस्कहरूलाई https://iris.iowa.gov मा आफ्नो वा आफ्नो बच्चाको प्रतिरक्षण रेकर्डहरू खोज्न अनुमति दिन्छ। रेकर्डहरू फेला परेनन् भने, IRIS मा आफ्नो प्रतिरक्षण रेकर्ड प्रविष्ट गर्नको लागि आफ्नो स्वास्थ्य स्याहार प्रदायकलाई अनुरोध गर्नुहोस्।

**HPV ले वार्षिक रूपमा 33,000 जना अमेरिकीहरूलााई क्यान्सर बनाउँछ**

**अर्थात् हरेक 16 मिनेटमा 1 जनालाई क्यान्सर बनाउँछ।**